मितिः- २०८२/०१/२५

<u>बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्या:- १८ -२०८१/०८२)</u>

यस बारेकोट गाउँपालिकाका अध्यक्ष श्री बिर बहादुर गिरी ज्यूको अध्यक्षतामा बारेकोट गाउँपालिका गाउँ कार्यपालिकाको बैठक बसी विभिन्न बिषयमा व्यापक छलफल गरि विभिन्न निर्णयहरु गरियो ।

<u>उपस्थिती</u>

१ श्री बीर बहादुर गिरी अध्यक्ष बारेकोट गाउँपालिका
२ श्री नर बहादुर गिरी उपाध्यक्ष बारेकोट गाउँपालिका
३ श्री ऐन बहादुर गिरी कार्यपालिका सदस्य
४ श्री बीर बहादुर घर्ती कार्यपालिका सदस्य
५ श्री राम बहादुर सिंह कार्यपालिका सदस्य
६ श्री बिष्णु बहादुर रावत कार्यपालिका सदस्य
७ श्री गोरख बहादुर थापा कार्यपालिका सदस्य
८ श्री डम्बर बहादुर महतारा कार्यपालिका सदस्य
९ श्री बिशाल किरण बस्नेत कार्यपालिका सदस्य
१० श्री योगेन्द्र बहादुर सिंह कार्यपालिका सदस्य
११ श्री दान बहादुर शाही कार्यपालिका सदस्य
१२ श्री कल्पना नेपाली कार्यपालिका सदस्य
१३ श्री दिपक नेपाली कार्यपालिका सदस्य
१४ श्री कमला नेपाली कार्यपालिका सदस्य
१५ श्री दिल बहादुर नेपाली कार्यपालिका सदस्य
१६ श्री बिष्णु नेपाली कार्यपालिका सदस्य
१७ श्री नैनी नेपाली कार्यपालिका सदस्य
१८ श्री राम बहादुर मल्ल सदस्य सचिव
१९ मान बहादुर चलाउने
२० रविन्द्र बहादुर बोहरा
२१ खिम बहादुर रोकाया

गाउँ कार्यपालिका
मिति:- २०८२/०१/२५

**बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्या:- १२-२०८१/०८२)**

**प्रस्तावहरु:**

१. अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्वन्धमा।
२. मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तरर्गतका आयोजनाहरु सिफारिस सम्बन्धमा।
३. निर्माण समाग्रीहरुको भुक्तानी सम्बन्धित उपभोक्ताहरुलाई उपलब्ध गराउने सम्बन्धमा।
४. कार्यविधि पारित गर्ने सम्बन्धमा।
५. बजेट शिर्षक रकमान्तर सम्बन्धमा।
६. पोषण सुधार आयआर्जन कार्यक्रम सञ्चालन सम्बन्धमा।
७. संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) निर्माण समिति गठन सम्बन्धमा।
८. MBBS अध्ययनको लागि सहयोग उपलब्ध गराउने सम्बन्धमा।
९. दिपेन्द्र मा.वि सक्लाको छाना मर्मत सम्बन्धमा।
१०. रोजगार रणनीति निर्माण सम्बन्धमा।

**निर्णय नं. १**

बारेकोट गाउँपालिकाको अघिल्लो कार्यपालिका बैठकमा भएका निर्णयहरु कार्यान्वयनको अवस्था बारे छलफल गरियो। कार्यपालिका निर्णयलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सबै सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने।

**निर्णय नं. २**

मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालय कर्णाली प्रदेश सुर्खेतको च. नं. ३०६२ मिति २०८२।०१।२१ गतेको प्राप्त पत्रानुसार यस गाउँपालिकाका सबै वडाहरुमा आर्थिक वर्ष २०८२/०८३ मा कार्यान्वयन हुने वडा कार्यालयबाट छनौट भई आएका तपसिल बमोजिमका आयोजनाहरु सिफारिस गरी पठाउने।

**तपसिल**

| क्र सं | आयोजनाको नाम | आयोजना कार्यान्वयन गरिने | | प्रस्तवित रकम | | | लाभान्वित जनसंख्या | विषय क्षेत्र |
|---|---|---|---|---|---|---|---|---|
| | | वडा नं | स्थान | प्रदेश | गा. पा. | जम्मा | | |
| १ | रामीडाँडा भु संरक्षण तथा घेरावार | १ | रामीडाँडा | १५०० | ० | १५०० | ९०० | भु-संरक्षण |



राम बहादुर मल्ल
प्रमुख प्रशासकीय अधिकृत

बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्या:- १२-२०८१/०८२)

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | लिम्सा देखि सुगरखाला सम्म रेलिङ्ग सहितको पदमार्ग निर्माण | २ | लिम्सा | १५०० | ० | १५०० | ६५० | पदमार्ग |
| ३ | पहाडा मुल्साम मानव निर्मित ताल घेरावार निर्माण | ३ | पहाडा मुल्साम | १५०० | ० | १५०० | १००० | पर्यटन प्रवर्द्धन |
| ४ | समर्खी देखि रक गार्डेन सम्म सिढी सहितको पदमार्ग निर्माण | ४ | गोठगाउँ जिरी | १५०० | ० | १५०० | ७०० | पदमार्ग |
| ५ | भैलोखाना खानेपानी योजना | ५ | भैलोखान | १५०० | ० | १५०० | ३५० | खनेपानी |
| ६ | कार्कीगाउँ एक घर एक धारा खानेपानी निर्माण | ६ | कार्कीगाउँ | १५०० | | १५०० | ३०० | खानेपानी |
| ७ | पानीमाझ देखि दाँगाचौर तीर्थ स्थल पदमार्ग निर्माण | ७ | लुहाग | १५०० | | १५०० | ८०० | पदमार्ग |
| ८ | पटाँग्री रावलगाउँ खानेपानी निर्माण | ८ | छुतिपाल्ती | १५०० | ० | १५०० | ४०० | खानेपानी |
| ९ | घट्टेखोला तटबन्धन निर्माण | ९ | सक्लाचौर | १५०० | ० | १५०० | ११००० | तटबन्धन |
| जम्मा | | | | १३५०० | ० | १३५०० | ६२०० | |

**निर्णय नं. ३**

बारेकोट गाउँपालिका अन्तर्गत प्रधानमन्त्री रोजगार कार्यक्रम तथा युवा रोजगारिका लागि रुपान्तरण पहल आयोजना अन्तर्गतका आयोजनाहरुमा समपूरक बजेट मार्फत गैह्र स्थानीय निर्माण सामग्रीहरु गाउँपालिकाले नै उपलब्ध गराउने भनि निर्णय भए अनुसार गाउँपालिकाले नै उपलब्ध गराउने गरी सम्झौता भएकोमा हाल सामग्री थोरै तथा खरिद प्रक्रिया ढिला हुने भई प्रति कामदार सय (१००) दिन काम नपुग्ने भएकाले समपूरक बजेट मार्फत खरिद गरिने निर्माण सामग्रीहरुको भुक्तानी सम्बन्धित उपभोक्ताहरुलाई नै उपलब्ध गराइने।

रवि बहादुर मल्ल
प्रमुख प्रशासकीय अधिकृत

<u>बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्या:- १२-२०८१/०८२)</u>

**निर्णय नं. ४**

बारेकोट गाउँपालिकाको ११ औ कार्यपालकिाको बैठकमा पेश भई छलफल भएका तपसिल बमोजिमका कार्यविधिहरु स्वीकृत गरी अनुमोदनका लागि आगामी गाउँ सभामा पेश गर्ने।

**तपसिल**

१. दिवा खाजा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२।
२. पढ्दै कमाउदै कार्यक्रम सञ्चालन कार्यविधि २०८२।

**निर्णय नं. ५**

बारेकोट गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार देहायका शिर्षकहरुमा छुट्याइएको बजेट देहायका शिर्षकहरुमा तपसिल अनुसार रकमान्तर तथा शिर्षक परिवर्तन गर्ने।

**तपसिल**

<table>
<tr><th rowspan="2">क्र. सं.</th><th colspan="2">रकमान्तर हुने बजेट शिर्षक विवरण</th><th colspan="3">शिर्षक तथा रकमान्तर भएको बजेट शिर्षक विवरण.</th></tr>
<tr><th>बजेट शिर्षक</th><th>रकम रु.</th><th colspan="2">बजेट शिर्षक</th><th>जम्मा रु.</th></tr>
<tr><td rowspan="2">१.</td><td rowspan="2">तीज विशेष कार्यक्रम (ख.शि.नं. २२५२२)</td><td rowspan="2">२००००</td><td colspan="2">नारी दिवस (ख.शि.नं. २२५२२)</td><td rowspan="2">५००००</td></tr>
<tr><td>साबिकको शिर्षक</td><td>परिवर्तित शिर्षक</td></tr>
<tr><td>२.</td><td>पालिका स्तरको बालक्लव गठन (ख.शि.नं. २२५२२)</td><td>५००००</td><td>म.वि.शा. डेस्कटप कम्प्युटर खरिद (ख.शि.नं.३११२२)</td><td>म.वि.शा. ल्याप्टप तथा प्रिन्टर खरिद (ख.शि.नं.३११२२)</td><td>११००००</td></tr>
</table>

**निर्णय नं. ६**

स्वास्थ्य सूचकहरुको प्राथमिकताका आधारमा अति गरिव तथा न्यून आय भएका बारेकोट गाउँपालिका वडा नं. ३ अन्तर्गत भुरार र बुढागाउँ टोलमा रहेका सुनौला (१०००) दिने सुत्केरी आमाहरुको पोषण सुधारका लागि आयआर्जन अनुदान कार्यक्रम सञ्चालन गर्ने।

**निर्णय नं. ७**

बारेकोट गाउँपालिका गाउँ कार्यपालिकाको १० औं बैठको निर्णय नं. ६ मा चालु आर्थिक वर्ष २०८१/०८२ भित्र सम्पन्न हुने गरि यस गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण



राम बहादुर मल्ल
प्रमुख प्रशासकीय अधिकृत

बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्या:- १२-२०८१/०८२)

(O&M) गर्ने निर्णय भए अनुसार प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा देहाय बमोजिमका पदाधिकारीहरुको एक समिति गठन गरी तत्काल निर्माण प्रक्रिया अगाडी बढाउने।

तपसिल

| | | |
|---|---|---|
| श्री राम बहादुर मल्ल | (प्रमुख प्रशासकीय अधिकृत) | संयोजक |
| श्री राज बहादुर सिंह | (आर्थिक प्रशास शाखा प्रमखु) | सदस्य |
| श्री चेतन सिंजाली मगर | (प्रशासन शाखा प्रमुख) | सदस्य |
| श्री हिमाल पुन | (पूर्वाधार शाखा प्रमुख) | सदस्य |
| श्री खिम बहादुर रोकाया | (सूचना प्रविधि शाखा प्रमुख) | सदस्य सचिव |

निर्णय नं. ८

बारेकोट गाउँपालिका वडा नं. ५ निवासी गोविन्द बहादुर सिंहको छोरा नविन सिंह स्नातक तह MBBS पाँच (५) वर्षे कार्यक्रमको लागि चिकित्सा शिक्षा आयोगबाट लिइएको परीक्षामा कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, जुम्लामा स्नातक तह MBBS पाँच (५) वर्षे अध्ययनको लागि छनौट भएकोले आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम छात्रवृर्ति कार्यक्रम चिकित्सा, न्याय, इन्जिनियरिङ्ग स्नातक तह माथि, शिक्षा, बजेट शिर्षक नं. २७२११ बाट खर्च लेखेगरी पटके सहयोगको रुपमा एक पटकको लागि रू. ३०००००।- (अक्षरुपी तीन लाख रुपैंया मात्र) सहयोग उपलब्ध गराउने।

निर्णय नं. ९

मिति २०८२ साल बैशाख ७ गतेको हावा हुरीका कारण श्री दिपेन्द्र माध्यमिक विद्यालय सक्ला वडा नं. ९ को चार कोठे विद्यालय भवनको छाना पूर्ण रुपमा उडाई क्षति भएकोले उक्त छाना मर्मतको लागि बारेकोट गाउँपालिका विपद् व्यवस्थापन कोषबाट रु. १२००००।— (अक्षरुपी एक लाख बीसहजार रुपैया) प्राविधिक स्टिमेट अनुसार उपलब्ध गराउने।

निर्णय नं. १०

बारेकोट गाउँपालिकाको रोजगार रणनीति योजना, २०८२ निर्माणको लागि आवश्यक प्रक्रिया अगाडि बढाउने।



राम बहादुर मल्ल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner